REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs. Date: 15.08.2025

## प्रधानमन्त्री - स्वतन्त्रता दिवस

राष्ट्रले आज आफ्नो उनासीऔं स्वतन्त्रता दिवस मनाई रहेकोछ। प्रधानमन्त्री नरेन्द्र मोदीले दिल्लीमा ऐतिहासिक लालकिलमा राष्ट्रीय ध्वज फहराएर स्वतन्त्रता दिवसको नेतृत्व गर्नुभयो। आफ्नो संबोधनमा श्री मोदीले अपरेसन सिन्दूर का वीर सैनिकहरूलाई नमन गर्दै यो देशका सशस्त्र बलहरूको साहस र शौर्यको सशक्त प्रमाण हो भन्नुभयो। उहाँले आत्मनिर्भर भारतलाई विकसित भारतको आधार स्तंभ बताउनुभयो। रक्षा प्रोद्योगिकी, ऊर्जा, अन्तरिक्ष र विनिर्माण क्षेत्रमा देशको प्रगतिको पनि श्री मोदीले उल्लेख गर्नुभयो।

## सिक्किम - स्वतन्त्रता दिवस

उनासीऔं स्वतन्त्रता दिवसमा आज गान्तोकमा पाल्जोर स्टेडियममा आयोजित कार्यक्रममा मुख्यमन्त्री प्रेम सिंह तामाङले स्वतन्त्रता - सेनानीहरूलाई श्रद्धान्जली अर्पण गर्नु हुँदै स्वास्थ्य, शिक्षा, पूर्वाधार, पर्यटन, ग्रामीण विकास र सशक्तिकरणमा राज्यको प्रगतिबारे प्रकाश पार्नु भयो। प्रति व्यक्ति आय मानव विकास सूचकांक र दीगो विकास लक्ष्य स्कोरमा सिक्किम उच्च स्थानमा छ। पर्यावरण पर्यटन, सम्पदा परियोजनाहरू र होमस्टेहरू मार्फत पर्यटनलाई दिगो रूपमा प्रवर्द्धन गरिन्दैछ।

सिक्किम, उन्नत फोहोर व्यवस्थापनका साथ भारतको पहिलो खुल्लामा शौच मुक्त प्लस मोडेल राज्य हो। वातावरणीय प्रयासहरूले हिमनदी ताल जोखिम, रामसर साइट संरक्षण र वृक्षारोपण योजनाहरूलाई सम्बोधन गर्दछ। मुख्यमन्त्री तामाङले सुनौलो समृद्ध अनि समर्थ सिक्किम को दृष्टिकोणलाई पुनः पुष्टि गर्दै समृद्ध र दिगो भविष्यका लागि एकता र समर्पणको आग्रह गर्नुभयो। स्वतन्त्रता दिवस उत्सवको एक भागको रूपमा मुख्यमन्त्री महोदयले धेरै व्यक्ति र विभागहरूलाई उनीहरूको उत्कृष्ट सेवा र कर्तव्यप्रति समर्पणका लागि सम्मानित गर्नुभयो। विशिष्ट सेवाका लागि राष्ट्रपति पदक र उत्कृष्ट सेवाका लागि गणतन्त्र दिवस 2024 पदक प्रहरी उपमहानिरीक्षक हरि प्रसाद क्षेत्रीलाई प्रदान गरियो भने विशिष्ट सेवाका लागि राष्ट्रपति पदक र उत्कृष्ट सेवाका लागि स्वतन्त्रता दिवस 2024 पदक प्रहरी उपमहानिरीक्षक प्रताप प्रधानलाई प्रदान गरियो। त्यस्तै उत्कृष्ट सेवाका लागि राष्ट्रपति अग्नि सेवा पुरस्कार भीम बहादुर शिलाल अनि उत्कृष्ट सेवाका लागि राष्ट्रपति प्रहरी पदक हेड कन्स्टेबल रिन्जिङ चोग भूटियालाई प्रदान गरियो। सरकारले सिक्किमका सैनिकहरूलाई पनि उनीहरूको बहादुरीका लागि सम्मान जनायो। मुख्यमन्त्री तामाङले गान्तोक जिल्ला अन्तर्गतका 22 ग्राम पंचायत एकाइमा 22 जनालाई 'श्रवण कुमार पुरस्कार' पनि प्रदान गर्नुभयो।

## स्वतन्त्रता दिवस- गेजिङ

उनासीऔं स्वतन्त्रता दिवस आज क्योङ्सा रंगशालामा ठूलो उत्साहका साथ शुरूभयो आवास तथा भवन अनि श्रम विभाग एवम् याङगाङका क्षेत्र विधायक भीम हाङ लिम्बू क्रायक्रममा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। यस अघि जिल्लापाल तेन्जिङ डी डेनजोंङपाले आज डि.ए .सी राबदेनचीमा राष्ट्रीय झण्डा फहराउनु भएको थियो।

## मंगन – हर घर तिरंगा

राष्ट्रले पालन गरि रहेको उनासीऔं स्वतन्त्रता दिवसको महत्वपूर्ण अवसरमा आज लाचेन दिवसको महत्वपूर्ण अवसरमा आज लाचेन मंगन निर्वाचन क्षेत्रका मन्त्री तथा विधायक सम्दुप लेप्चाले हर घर तिरंगा अभियान अन्तर्गत तिरंगा बाईक र्यालीलाई झण्डा देखाई शुभारम्भ गर्नुभयो।

## पाकिम स्वतन्त्रता दिवस

पाकिम जिल्लामा पनि उनासीऔं स्वतन्त्रता दिवसको जिल्ला स्तरीय उत्सव सेन्ट जेभियर्स स्कूल मैदानमा संपन्न भयो। कार्यक्रममा शिक्षा , खेलकूद तथा युवा मामिला कानून र संसदीय मामिला विभागका मन्त्री राजू बस्नेत प्रमुख अतिथिको तवरमा उपस्थित हुनुहुन्थ्यो। उहाँले राष्ट्रीय ध्वज फहराउनुभयो जसपछी राष्ट्र -गान गाइएको थियो। कार्यक्रमको क्रममा पाकिमका जिल्लापल रोहन अगवानेले सिक्किमका राज्यपाल ओम प्रकाश माथुरको तर्फबाट स्वतन्त्रता दिवसको सन्देश प्रस्तुत गर्नुभयो। यसरी नै ए.डि.सी पाकिम सांगे ग्याछो भुटियाले पनि मुख्यमन्त्री प्रेम सिंह तामाङको सन्देश सुनाउनुभयो।

## राजमार्ग बन्द

राष्ट्रीय राजमार्ग पूर्वाधार विकास निगम लिमिटेडको आदेश अनुसार आज सांझ 6 बजे देखि लिएर 17 अगस्त आईतबार सांझ 6 बजे सम्म Coronation Bridge देखि लिएर चित्रे सम्म सबै प्रकारका वाहनहरूको आवत- जावत बन्द रहनेछ।